

# भेरीगंगामा पोषिलो खाना प्रर्दशनी तथा साक्षरता कक्षा कार्यक्रम सम्पन्न

**दर्शन खबर ।** १८ माघ २०७९, बुधबार

20
Shares




**दिपक बराल सुर्खेत ।** भेरीगंगामा पोषिलो खाना प्रर्दशनी तथा साक्षरता कक्षा कार्यक्रम सम्पन्न भएको छ । कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतको आर्थिक

सहयोग र भेरीगंगा नगरपालिका भित्र संचालित समुहहरुको आयोजनामा वित्तीय शिक्षा तथा व्यवसायिक साक्षरता कक्षा अन्र्तगत पोषिलो खाना प्रर्दशनी तथा साक्षारत कक्षा कार्यक्रम सम्पन्न भएको हो । भेरीगंगा नगरपालिका भित्र सञ्चालन भएको नमुना बाख्रा पालन समुह, सुन्धारा बाख्रा पालन समुह, दुर्गा उपहार समुह, कुहिरे गाई भैसि पालन समुह, सृजनशिल हरियाली कृषक समुह, अमिलाचौर भैसी पालन समुह, कोपिला भैसि पालन समुह, सृजनशिल कृषि सहकारी संस्था लिमिटेडमा आबद्घ महिला कृषक सदस्यहरुलाई ४० हप्ता सम्म तालिम संचालन गरेर पोषिलो खाना प्रर्दशनी तथा साक्षारत कक्षा कार्यक्रम सम्पन्न गरीएको कृषि क्षेत्र विकास कार्यक्रमका कृषि प्राविधिक हस्त विकले बताए । संचालन भएको तालिम मध्ये सहजर्कताबाट २६, पोषण सहजर्कताबाट ८ र बाँकी नगर कृषि शाखा र पशुपंक्षि शाखाको प्राविधिक तालिम गरी सञ्चालन भएको ४० वटा तालिमको अन्त्यमा पोषिलो खानाको परिकारहरु प्रदशन गरि तालिम समापन गरीएको कृषि प्राविधिक विकले बताए । कृषि क्षेत्र विकास कार्यक्रम बाट कृषकहरुको आम्दानीमा बृद्घी गर्ने उदेश्यले घास वितरण, घास काट्ने मेसिन, ५० प्रतिसत सहलगानीमा औषधी वितरण गरी कृषि प्राविधिक तालिम, भकारो निर्माण, व्ययसाय कसरी गर्ने, व्यवसाय कँहा र्दता गर्ने, आम्दानी कसरी गर्ने लगायतका विषयमा कृषकहरुलाई जानकारी गरायर कृषि व्यवसायमा अग्रसर बनाईएको उनले बताए ।

उक्त तालिमबाट गरिबी निवारण र पोषणमा सुधारमा गर्ने मुख्य उदेश्य रहेको र संचालन भएको तालिमबाट सिकेका ज्ञान सिपहरु व्यवहारमा प्रयोग गरी कृषि व्यवसायमा अग्रसर बन्न कृषकहरुलाई कृषि प्राविधिक हिमाल वलिले सुझाव दिए । कृषि क्षेत्र विकास कार्यक्रमको समवन्यमा कृषि विकास बैक बाट १ करोड १६ लाख रुपैया ऋन प्रवाह गरेर समुहमा आबद्घ कृषकहरुले कृषि व्यवसाय अघि बढाउन सजह भएको कृषि प्राविधिक वलीले बताए ।भेरीगंगा नगरपालिकाका पशुपंक्षी शाखा प्रमुख भोज प्रसाद चपाईले कार्यक्रममा प्रमुख अतिथीको रुपमा बोल्दै मानिस स्वास्थ रहन पँहेला फलफुल, हरिया सागपात, रैथाने बाली लगायत सन्तुलित खाना र दिनमा प्राप्यात मात्रामा पानी खानु पर्ने बताए । मानिसमा पोषिलो सन्तुलित खानाको कमिले स्वास्थ खानाको

ग्यास्ट्रिक्र, सुगर जस्ता रोगहरु लाग्ने गर्भवति महिलाहरुबाट जन्मेका बच्चाहरु अस्वस्थ, कुपोषित हुने भन्दै स्वास्थ र निरोगी हुनलाई पोसिलो सन्तुलित खाना पर्ने चपाईले बताए । भेरीगंगा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष गंग बहादुर खत्रीले आफू वडा अध्यक्ष भएर वडाबाट पोषण युक्त कार्यक्रम संचालन गरेर स्थानियहरुलाई जानकारी गराउन नसके पनि कृषि क्षेत्र विकास कार्यक्रमले वडामा संचालन भएको अमिलाचौर भैसि पालन समुहमा आबद्घ सदस्यहरुलाई ४० हप्तासम्म वित्तीय शिक्षा तथा व्यवसायिक साक्षारता कक्षा संचालन गरेर सन्तुलित भोजन पोषण युक्त खाना सम्बन्धि जानकारी गराएको प्रती कृषि क्षेत्र विकास कार्यक्रमलाई धन्यवाद व्यक्त गरे ।

आफ्नो वडाको सम्रग र तिर्व विकासको लागि आगामी दिनमा कृषि क्षेत्र विकास कार्यक्रमसंग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्घता व्यक्त गरे । भेरीगंगा नगरपालिका ११ चिप्लेमा संचालनमा रहेको कोपिला भैसी पालन समुह र भेरीगंगा नगरपालिका १३ रामघाटमा संचालित सृजनशिल कृषि सहकारी समुहमा आबद्घ सदस्यहरुलाई वित्तीय शिक्षा तथा व्यवसायिक साक्षारता कक्षा अन्र्तगत २६ वटा कक्षा संचालन गरेर आफुले संचालन गरेको व्यवसायलाई बिमा कसरी गर्ने, आम्दानीबाट बचत कसरी गर्ने लगायतका विषयमा समुहमाका सदस्यहरुलाई सल्लाह दिएको कृषि क्षेत्र विकास कार्यक्रमका सहजकर्ता रुपा घर्ती मगरले जानकारी दिए ।





20
Shares




हाम्रा सेवाहरुः ट्यूबलर पाइप, बिजुली पोल, आधुनिक चुल्हो, ट्रेक्टर ट्रली तथा टिप्पर ट्रली, आधुनिक ट्रस, ग्याविङ्ग तथा जाली, एङ्गल पोष्ट, फल सिलिङ्ग लगायत सम्पूर्ण किसिमका फेब्रीकेशन तथा स्वेदशी प्रविधिले दक्ष जनशक्तिद्वारा तयार गरिन्छ। साथै UPVC, जस्ता कर्कट पाता, सिमेन्ट बोर्ड, G.I./Black पाइपहरु सप्लाइ गरिन्छ।
विशाल ईन्जिनियरिङ्ग एण्ड फेब्रीकेशन वर्कशप प्रा.लि.
प्रो. विशाल जैसी
वीरेन्द्रनगर-१०, खजुरा सुर्खेत/फोन नं.: ०८३-५२०२११/९८५८०५४०८०

यात्रुहरुलाई थप सेवा दिनको लागि सुर्खेतमा ट्याक्सी सञ्चालन गर्ने योजना रहेको हुँदा ईच्छुक
महानुभावहरुले समय र मिति भित्र मिति २०७९/१०/१७ गते देखी बुकिङ खुल्ला गरिएको

तपाईको प्रतिक्रिया

मध्यपश्चिम बस जिप यातायात सेवा प्रा.लि.
अफिसः ०८३-५२१०४२, बसपार्क काउण्टर - ०८३-५२११०८ मोबाईल नं. ९८५८०५१२३३,
बड्डीचौर एरिया - ९८५८०५६३२९ Email: mapajeepltd@gmail.com



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईसँग कुनै कर्मचारी वा विचौलियाले कुनै बहाना बनाई वा छलछाम गरी गैर कानूनी रुपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरु मा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

कार्यालय प्रमुखः ९८५८०५२६६६
सुचना अधिकारीः ९८५८०७३६६६
चौबिसै घण्टा उपलब्ध हुने मोबाइल नं. ९८५८०५३४२२
ईमेलः ciaa.surkhet@ciaa.gov.np

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र पिपुल एक्सिस नेपाल प्रालि बीचको सहकार्य

घर तथा जग्गा भाडा रकम बुझाउने बारे सुचना

यस सुर्खेत उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेका वी.न.पा वडा नं.६,७ र ८ मा रहेका विभिन्न स्थानका घर तथा जग्गाहरु भाडामा लिई ब्यापार व्यावसाय संचालन गर्दै आइरहेका व्यावसायीहरुले यस कार्यालयमा २०७९ मंसिर मसान्त सम्म तिर्न बाँकी भाडा तथा जरिवाना रकम हालसम्म पनी नबुझाएकोले घर तथा जग्गा भाडा बुझाउन अन्तिम पटक १५(पन्ध्र) दिन भित्र बुझाई सक्न हुन यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ । साथै तोकिएको समय भित्र बुझाउन बाँकी घर तथा जग्गा भाडा र जरिवाना रकम नबुझाएमा दुई पक्षिय सम्झौताका शर्तनामाहरु, प्रचलित ऐन, नियम र स्थानिय प्रशासनको सहयोगमा घर तथा जग्गा खाली गराई बुझाउन बाँकी भाडा रकम सरकारी बाँकी सरह असुल उपर गर्न समिति बाध्य हुने व्यहोरासमेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।

सुर्खेत उपत्यका नगर विकास समिति
वीरेन्द्रनगर, सुर्खेत

## जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको अनुरोध

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

बच्ने उपायहरु

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं। धुम्रपान तथा मद्यपानको सेवन नगरौ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।
- छरछिमेकमा कोहि विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खवर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत

